"सूचनाको हक सम्बन्धि ऐन, २०६४" को दफा ५ को उपदफा (३) र (४) र दफा ६ ले निर्देश गरेअनुरुप सार्वजनिक गरिएको विवरण

सुचना सार्वजनिक गर्ने निकायको नामः भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, बुटवल

सूचना प्रकाशन गरेको अवधिः २०७८/७/०१ देखि २०७७/०९/३० सम्म

१. निकायको स्वरुप र प्रकृतिः

कृषिको व्यवसायिकरण मार्फत समग्र प्रदेशको विकास गर्ने मान्यतालाई आत्मसात गर्दै लुम्बिनी प्रदेश, बुटवलमा कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालयको स्थापना वि.सं. २०७४ साल फाल्गुण महिनामा भएको हो। "समृद्ध लुम्बिनी, आत्मनिर्भर प्रदेश" बनाउने आकांक्षालाई अङ्गिकार गर्दै यस मन्त्रालयले कृषि, पशुपालन, मत्स्य, भूमि क्षेत्रको वैज्ञानिक व्यवस्थापन, विकास तथा प्रवर्द्धनको अभिभारा लिएको छ। कृषि क्षेत्रलाई व्यवसायमुलक तथा प्रतिस्पर्धात्मक बनाई आयआर्जनमा टेवा पुर्याउँदै नेपालको संविधानले तोकेको नागरिकको खाद्य तथा पोषण सुरक्षाको सुनिश्चितता गर्नु नै मन्त्रालयको मूलभुत उद्देश्य रहेको छ।

२. निकायको सोंचः

- प्रदेशको समग्र कृषि क्षेत्रको विकास तथा भू-उपयोग नीतिलाई आत्मसात गर्दै कृषि एवं पशुपन्छीजन्य उत्पादन/उत्पादकत्वको दिगो वृद्धि, यान्त्रिकीकरण, व्यावसायिकीकरण, बजारीकरण, विविधिकरण र आधुनिकीकरणका माध्यमबाट तुलनात्मक लाभ र प्रतिस्पर्धात्मक अवस्थाको सृजना गरी यस क्षेत्रको रुपान्तरण गर्दै खाद्य तथा पोषण सुरक्षाको सुनिश्चितता र रोजगारीको अवसर सृजना गर्ने।
- प्रदेशको खाद्य सुरक्षा एवं पोषण सुरक्षाको प्रत्याभुति गर्दै गरिबी न्यूनिकरण एव राष्ट्रिय अर्थतन्त्रमा समेत योगदान पुर्याउने।
- भूमिको वैज्ञानिक व्यवस्थापन एवं सामाजिक न्यायमा आधारित भू-उपयोगका माध्यमबाट सहकारी क्षेत्रको परिचालन गरी प्रदेशको कृषि एव पशुपन्छीजन्य उत्पादनको क्षेत्रमा आत्मनिर्भरता हासिल गरी यस क्षेत्रको उत्पदानलाई निर्यातयोग्य अवस्थामा पुर्याउने ।

३. उद्देश्यः

- कृषि क्षेत्रमा आधुनिक प्रविधिको प्रयोग गर्दै प्रतिष्पर्धात्मक क्षमता हासिल गरी उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्नुका साथै कृषिजन्य उद्योगलाई प्रवर्द्धन गर्ने।

Scanned with CamScanner

- पशुपन्छी पालनमा प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्दै व्यवसायिक, प्रतिस्पर्धी एवं स्वस्थ पशुपंक्षि उत्पादनको सुनिश्चितता एवं पशुपन्छीजन्य उत्पादनमा आत्मनिर्भरता हासिल गरी यस क्षेत्रलाई आय आर्जनका साथै रोजगारीको माध्यमका रुपमा विकास गर्ने ।

४. लक्ष्य: भूमिको वैज्ञानिक व्यवस्थापन र भू-उपयोगका माध्यमबाट कृषि क्षेत्रसँग सम्बन्धित सरोकारवालाहरु परिचालन गरी प्रदेशको कृषि एवं पशुपन्छीजन्य उत्पादन र उत्पादकत्व वृद्धि गरी स्वच्छ, स्वस्थ र गुणस्तरीय खाद्य वस्तुको आपूर्तिमा आत्मनिर्भरता हासिल गरी यस क्षेत्रको उत्पादनलाई निर्यातयोग्य अवस्थामा पुऱ्याउने।

५. निकायको काम, कर्तव्य र अधिकार:

- कृषि, पशु विकास तथा खाद्य पोषण, भुमि तथा गुठी सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन तथा नियमन गर्ने।
- समग्र कृषिमा यान्त्रीकरण, औधोगिकरण तथा व्यवसायिकताको विकास, अत्यावश्यक उत्पादन सामाग्रीको आपुर्ति, गुणस्तर प्रमाणिकरण तथा नियमन तथा विपद र महामारी व्यवस्थापनको सुनिश्चितताका साथ यस क्षेत्रलाई आधुनिकिकरण तर्फ अगाडी बढाउने।
- भूमि व्यवस्थापन,भुमि प्रशासन र जग्गा नापजाँच, भुमि सुधार, भू-पयोग तथा चक्लाबन्दी सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्डको तर्जुमा, कार्यान्वयन र नियमन गर्ने।
- गुठी तथा गुठी जग्गा व्यवस्थापन सम्बन्धी नीत, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन तथा गुठी तथा गुठी जग्गाको संरक्षण, अभुलेख व्यवस्थापन र संघीय तथा स्थानीय तहसँग समन्वय गर्ने।

६. निकाय रहने कर्मचारी संख्या र कार्यविवरण:

मन्त्रालय र मातहतका कार्यालय समेतको कर्मचारीहरुको एकमुष्ठ विवरण उल्लेख गरिएको छ:

जनशक्तिको अवस्था

| क्र. सं. | जम्मा कार्यालयकोसंख्या | स्वीकृत दरबन्दी संख्या | पदपुर्ति | अस्थायी/ करार/ ज्यालादारी (७) | रिक्त(८) (३-४) | समायोजन/पदस्थापन |
|---|---|---|---|---|---|---|

| | कार्यालयकोनाम | स्थायी (१) | अस्थायी (२) | कुल (३) | समायोजन /पदस्थापन (४) | काजका (५) | जम्मा (६) | | | [illegible] |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | कृषि खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय, लुम्बिनी प्रदेश, मुकाम: बुटवल, | ७१ | ० | ७१ | २९ | २ | २९ | १४ | ४२ | |
| २ | कृषि विकास निर्देशनालय, बुटवल | ३८ | ० | ३८ | १८ | ० | १८ | ४ | २० | |
| ३ | कृषिज्ञान केन्द्र, कपिलवस्तु | १६ | ० | १६ | १६ | ० | १६ | १ | ० | |
| ४ | कृषिज्ञान केन्द्र, रोल्पा | १५ | ० | १५ | ११ | ० | ११ | ० | ४ | |
| ५ | कृषिज्ञान केन्द्र, पाल्पा | १५ | ० | १५ | ७ | १ | ८ | ३ | ८ | |
| ६ | कृषिज्ञान केन्द्र, गुल्मी | १५ | ० | १५ | ८ | ० | ८ | ४ | ७ | |
| ७ | कृषिज्ञान केन्द्र, अर्घाखाँची | १५ | ० | १५ | ११ | ० | १२ | ३ | ४ | |
| ८ | कृषिज्ञान केन्द्र, बाँकि | १७ | ० | १७ | १३ | ० | १३ | १ | ४ | |
| ९ | कृषिज्ञान केन्द्र, नवलपरासी | १७ | ० | १७ | १५ | ० | १५ | १ | २ | |
| १० | कृषिज्ञान केन्द्र, रुपन्देही | ० | ९ | ९ | ० | ४ | ४ | ० | ५ | ४ जना कार्यरत |
| ११ | कृषिज्ञान केन्द्र, दाङ्ग | १६ | | १६ | १२ | १ | १२ | २ | ४ | |
| १२ | बीउ बिजन प्रयोगशाला, रुपन्देही | ११ | ० | ११ | ८ | ० | ८ | ० | ३ | |
| १३ | बीउ बिजन प्रयोगशाला, बाँकि | ११ | | ११ | ८ | ० | ८ | १ | ३ | |
| १४ | बाली संरक्षण | ८ | ० | ८ | ६ | ० | ६ | १ | २ | |

Scanned with CamScanner

| क्र. सं. | जम्मा कार्यालयकोसंख्या | स्वीकृत दरबन्दी संख्या | | | पदपूर्ति | | | अस्थायी/करार/ज्यालादारी (७) | रिक्त (८) (३-४) | समायोजन/पदस्थापन भएका मध्येबाट अस्थायि कार्यालयको दरबन्दीमा खटिएका |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | स्थायी (१) | अस्थायी (२) | कुल (३) | समायोजन/पदस्थापन (४) | कामकाज (५) | जम्मा (६) | | | |
| | कार्यालयकोनाम | | | | | | | | | |
| | प्रयोगशाला, बाँके | | | | | | | | | |
| १५ | कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र बाँके | १६ | ० | १६ | ११ | ० | ११ | १ | ५ | |
| १६ | पशुपन्छीतथा मत्स्य विकास निर्देशनालय, बुटवल | २४ | ० | २४ | १६ | ० | १६ | ४ | ८ | |
| १७ | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, पाल्पा | १२ | ० | १२ | ९ | ० | ९ | १ | ३ | |
| १८ | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, रोल्पा | १० | ० | १० | ६ | ० | ६ | २ | ४ | |
| १९ | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, कपिलवस्तु | १५ | ० | १५ | ७ | ० | ७ | २ | ८ | |
| २० | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, रुपन्देही | १५ | ० | १५ | १० | ० | १० | २ | ५ | |
| २१ | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, दाङ्ग | १४ | ० | १४ | १० | ० | १० | ० | ४ | |

Scanned with CamScanner

| क्र. सं. | जम्मा कार्यालयकोसंख्या | स्वीकृत दरबन्दी संख्या | | | पदपुर्ति | | | अस्थायी/ करार/ ज्यालादारी (७) | रिक्त(८) (३-४) | समायोजन/पदस्थापन भएका मध्येबाट अस्थायी कार्यालयको दरबन्दीमा खटिएका |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | स्थायी (१) | अस्थायी (२) | कुल (३) | समायोजन /पदस्थापन (४) | कामकाज (५) | जम्मा (६) | | | |
| | कार्यालयकोनाम | | | | | | | | | |
| २२ | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, गुल्मी | ० | १० | १० | ० | ४ | ४ | ० | ६ | ४ जना कार्यरत |
| २३ | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, अर्घाखाँची | ० | १० | १० | ० | ४ | ४ | ० | ६ | ४ जना कार्यरत |
| २४ | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, नवलपरासी | ० | १० | १० | ० | ४ | ४ | ० | ६ | ४ जना कार्यरत |
| २५ | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, बाँके | १४ | ० | १४ | ८ | ० | ८ | ० | ६ | |
| २६ | कुखुरा विकास फर्म, खजुरा बाँके | १० | ० | १० | ९ | ० | ९ | ० | १ | |
| २७ | पशुसेवा तालिम केन्द्र, बाँके | १२ | ० | १२ | ६ | ० | ६ | ३ | ६ | |
| २८ | मत्स्यविकास केन्द्र, महादेवपुरी | ११ | ० | ११ | ८ | ० | ८ | २ | ३ | |
| २९ | एकिकृतकृषि तथा पशुपन्छी विकास कार्यालय, रुकुम पूर्व | ० | ७ | ७ | ० | ४ | ४ | ३ | ३ | ४ जना कार्यरत |

Scanned with CamScanner

| क्र. सं. | जम्मा कार्यालयकोसंख्या | स्वीकृत दरवन्दी संख्या | | | पदपुर्ति | | | अस्थायी/ करार/ ज्यालादारी (७) | रिक्त(८) (३-४) | समायोजन/पदस्थापन भएका मध्येबाट अस्थायी कार्यालयको दरबन्दीमा खटिएका |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | स्थायी (१) | अस्थायी (२) | कुल (३) | समायोजन /पदस्थापन (४) | कामकाज (५) | जम्मा (६) | | | |
| | कार्यालयकोनाम | | | | | | | | | |
| ३० | एकिकृतकृषि तथा पशुपन्छी विकास कार्यालय, बर्दिया | ० | ११ | ११ | ० | ८ | ८ | २ | ३ | ८ जना कार्यरत |
| ३१ | एकिकृतकृषि तथा पशुपन्छी विकास कार्यालय, प्यूठान | ० | ८ | ८ | ० | ६ | ६ | २ | २ | ६ जना कार्यरत |
| ३२ | माटोतथा मल परिक्षण प्रयोगशाला, खजुरा बाँके | १० | ० | १० | ५ | ० | ५ | १ | ५ | |
| ३३ | पशुरोग अन्वेषण प्रयोगशाला नवलपरासी | | ४ | ४ | ० | ० | ० | १ | ३ | १ जना कार्यरत |
| | जम्मा | ४२८ | ६९ | ४९७ | २६७ | ३८ | ३०३ | ६१ | १९५ | ३५ |

७. निकायबाट प्रदान गरिने सेवा:

| महाशाखाको नाम | सेवा ता कार्य जिम्मेवारीहरु: |
|---|---|
| योजना तथा अनुगमन | • कृषि, पशु, सहकारी तथा भूमी सम्बन्धी नीति निर्माण तथा आवधिक योजनाहरुको तर्जुमा र अन्य महाशाखासँग समन्वय गरी अनुगमन तथा विश्लेषण एवं कृषि सम्बन्धी |

Scanned with CamScanner

प्रदेश सरकार
लुम्बिनी प्रदेश

| | |
|---|---|
| महाशाखा | क्षेत्र/उपक्षेत्रको आर्थिक विश्लेषण कार्य गर्ने, गराउने।<br>• प्रदेश मन्त्रालय र अन्तर्गतका आयोजना तथा कार्यक्रमहरु र विकास साझेदार निकाय तथा वैदेशिक सहायतामा संचालन हुने आयोजनाहरुको सम्भाव्यता, प्रस्ताव तयारी, निति निर्माण, बजेट तर्जुमा, नर्मस, कार्ययोजना, समीक्षा तथा अनुगमन एवं मूल्यांकन गर्ने, गराउने ।<br>• योजना तथा कार्यक्रमको नियमित रुपमा (मासिक, द्वैमासिक, चौमासिक र बार्षिक) कार्य प्रगति स्थितिको समीक्षा गर्ने, गराउने र पृष्ठपोषण गर्ने ।<br>• कृषि क्षेत्रको विकासको लागि आयोजनाहरुको प्रस्ताव तयारी गरी विभिन्न निजी तथा वैदेशिक दातृ संस्थाहरुसँग कार्यगत समन्वय गर्ने । |
| प्रशासन महाशाखा | • कर्मचारीको नियुक्ति, का.स.मु., हाजिरी, विदा, पुरस्कार, दण्ड, निवृत्तीभरण, अवकाश, उपदान आदि कर्मचारी प्रशासनसँग र कर्मचारीको अभिलेख सम्वन्धी कार्यहरु गर्ने।<br>• मन्त्रालयको वैठकका निर्णयको तयारीमा सहयोग पुर्याउने, भएका निर्णयको अभिलेख राख्ने, निर्णयहरु सम्बन्धित मन्त्रालय /निकाय /महाशाखामा संचार गर्ने ।<br>• योजना तथा अनुगमन महाशाखासँग समन्वय गरी कार्यालयको लागि बार्षिक बजेट अनुमान तयार गरी पेश गर्ने ।<br>• प्रचलित ऐन नियमले तोकेको आर्थिक प्रशासन सम्बन्धी अन्य कार्यहरु गर्ने।<br>• अन्य शाखाको कार्य विवरणमा नपरेका प्रशासनिक लगायत अन्य सबै कार्यहरु गर्ने। |
| खाद्य सुरक्षा तथा कृषि व्यवसाय प्रवर्द्धन महाशाखा | • कृषि थोक बजार, संकलन केन्द्र, हाट बजार तथा खुद्रा बिक्री कक्ष निर्माण, सुधार तथा विकास सम्बन्धी कार्यहरु।<br>• शित भण्डार विकास तथा प्रवद्र्धन सम्बन्धी कार्यहरु।<br>• कृषि बजार, संकलन केन्द्र, बजार पूर्वाधार र तालिम केन्द्रहरुको विकास, विस्तार तथा सञ्चालन सम्बन्धी कार्यहरु।<br>• प्रादेशिक खाद्य सुरक्षा र पोषण (खाद्यान्न, दलहन, तरकारी, फलफुल आदि) खाद्य अधिकार, खाद्य सम्प्रभुता र खाद्य गुणस्तर सम्बन्धी कार्यहरु।<br>• कृषि उपजहरुको मूल्य निर्धारण सम्वन्धी प्रादेशिक मापदण्ड,कानून र नियमन सम्बन्धि सुझाव।<br>• कृषि व्यवसायमा लागत मुल्य कम गर्न यान्त्रीकरण प्रवर्द्धन गर्दै व्यवसायिकरण र औद्योगिकरणमा जोड दिने। |
| पशुपन्छी विकास महाशाखा | • पशुपन्छी सम्बन्धी अध्ययन, अनुसन्धान तथा प्रवर्द्धन कार्य<br>• बजेट तथा कार्यक्रम, आयोजना / परियोजनाहरुको योजना तर्जुमा, कार्यान्वयन<br>• पशुपन्छीजन्य महामारी नियन्त्रण तथा व्यवस्थापन<br>• पशुपन्छी विपद् व्यवस्थापन सम्बन्धी कार्य<br>• भेटेरीनरी जनस्वास्थ्य, जुनोटिक रोग, एन्टिबायोटिक रेसिस्टेन्स, ड्रग रेजिड्यु लगायतका जनस्वास्थ्यका विषयमा एक स्वास्थ्य अवधारणा सम्वन्धी कार्यहरु |

Scanned with CamScanner

| | |
|---|---|
| | • पशुपन्छी तथा मत्स्य विकास सम्बन्धी कार्यविधि, निर्देशिका तथा मापदण्डको कार्य<br>• पशुपन्छीजन्य यान्त्रिकीकरण औधोगिकीकरण, उद्योग व्यवसायिकीकरणको प्रवर्द्धन |
| भूमिश्रोत नक्सांकन महाशाखा | • भूमि प्रशासन, भमि सुधार, जग्गा नापजाँच सम्बन्धि प्रशासन, भू-उपयोग सम्बन्धि निति तथा व्यवस्थापन तथा चक्लाबन्दि सम्बन्धि प्रादेशीक निति कानून तथा मापदण्डको तर्जुमा, कार्यान्यन र नियमन ।<br>• सरकारी जग्गा, सार्वजनिक जग्गा, पर्ति जग्गा, गुठी जग्गाहरुको प्रादेशिक अभिलेख व्यवस्थापन तथा संरक्षण,<br>• मालपोत रजिष्टेशन, जग्गा दर्ता, जग्गाको मूल्यांकन, जग्गा प्रशासन, दाखिला खारेज, स्वामित्त्व हस्तान्तरण, जग्गाको हदबन्दी सम्बन्धि प्रादेशिक निति तथा मापदण्ड तर्जुमा र कार्यान्यन,<br>• सुकुम्वासी, मुक्त कमैया, कम्लहरी, हलिया, हरवा, चरवा लगायत भूमिहिन वर्गको स्थाई वसोबास, जिविकोपार्जनको लागि प्रादेशिक निति कानून तथा मापदण्ड तर्जुमा कार्यान्वयन र नियमन. |

८. सेवा प्रदान गर्ने महाशाखा र जिम्मेबार अधिकारीः

| क.सं. | शाखा | जिम्मेबार अधिकारी |
|---|---|---|
| १ | योजना तथा अनुगमन महाशाखा | हरि पण्डित |
| २ | प्रशासन महाशाखा | केशव अर्याल |
| ३ | खाद्य सुरक्षा तथा कृषि व्यवसाय प्रवर्द्धन महाशाखा | अमर आचार्या |
| ४ | पशुपन्छी विकास महाशाखा | तुल्सिराम भण्डारी |
| ५ | भूमि व्यवस्था महाशाखा | अनिल मरासीनी |
| ६ | भूमिश्रोत नक्सांकन महाशाखा | अनिल मरासीनी |

९. सेवा प्राप्त गर्दा लाग्ने दस्तुर र अवधिः

मन्त्रालयबाट प्रदान गरिने नियमित सेवाका लागि कुनै पनि दस्तुर लाग्ने छैन र सेवा तुरुन्त प्रदान गरिनेछ।

१०. निर्णय प्रकृया र अधिकारीः

गुनासो सम्बोधनका लागि आवश्यक प्रकृया अगाडी बढाइनेछ। प्राविधक सेवा टेवाका लागि माग भइ आएमा सम्बन्धित महाशाखाबाट कर्मचारी खटाइ सहजिकरण गरिनेछ।

११. निर्णय उपर उजुरी सुन्ने अधिकारीः

मन्त्रालयबाट संचालन भएका विभिन्न अनुदान कार्यक्रमहरुको छनौट सम्बन्धित निर्णय प्रकृयामा चित्त नबुझेको खण्डमा गुनासो संकलनका लागि मन्त्रालयको इमेल molmac.planning@gmail.com को

Scanned with CamScanner

व्यवस्था गरिएको छ। साथै अन्य माध्यमबाट/मा आएका गुनासोहरुको समेत सुनुवाई हुनेछ। गुनासो सुन्ने अधिकारी मन्त्रालयका सचिव डा. शान्ता कार्की हुनुहुन्छ।

१२. सम्पादन गरेको कामको विवरण:

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय तथा मातहतका कार्यालय मार्फत आ.व. २०७८/७९, मा को पोष्ो ३ महिनामा संचालन मुख्य मुख्य आयोजनाहरुको विवरण पेश गरिएको छ:

प्रदेश सरकारले यस समयवधीमा सम्पादन गरेका उदाहरणीय कार्यहरु

- प्रदेश सरकारको नीति तथा कार्यक्रम र संविधान अनुरुपको कार्य विस्तृतिकरण अनुसारको कार्यसम्पादन गर्न स्थापना कालदेखि हालसम्ममा बीउ बिजन नियमावली 2078, दाना पदार्थ नियमावली 2078, पशु बधशाला तथा मासु जाँच नियमावली 2078, जीवनाशक विषादी नियमन गर्न बनेको विधेयक, 2078, कृषि व्यवसाय प्रवर्द्धन, २०७८ विधेयक, लुम्बिनी प्रदेश खाद्य परिषद् गठन र सञ्चालन सम्बन्धी कार्यविधि, २०७४, भू उपयोग व्यवस्था सम्बन्धी मापदण्ड र भू उपयोग ऐन र पन्छी नीति, २०७८ का साथै आवश्यक कार्यविधि तथा निर्देशिकाहरु लगायतका कानुनी आधारहरुको विकास गरिएको छ।

- जनअपेक्षा अनुसार कृषि, पशुपंछी, मत्स्य, भूमी, गुठीका कार्यक्रमहरु संचालन गर्न मन्त्रालयले स्थापना काल देखी ८ बटा कृषि ज्ञान केन्द्र र ६ बटा र भेटेरिनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्र, २ बटा तालिम केन्द्र (कृषि र पशुपन्छी), ३ बटा प्रयोगशाला (बीउ, बाली सरक्षण, माटो परिक्षण), २ बटा फार्म (कुखुरा, मत्स्य) मार्फत कृषि र पशुपन्छी प्रसार सेवा प्रदान गर्दै आइरहेकोमा आ.व. ०७७/७८ देखि मातहतमा ३ बटा अस्थायी एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालयहरु (बर्दिया, रुकुम पूर्व र प्युठान जिल्लामा) स्थापना गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउँदै चालु आ.व. 2078/79 मा थप ४ बटा अस्थायी कार्यालयहरु: कृषि ज्ञान केन्द्र, रुपन्देही (1) र भेटेरिनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्र, (गुल्मी, अर्घाखाँची र नवलपरासी) (3) स्थापना भइ कूल ३२ बटा कार्यालयहरु मार्फत सेवा प्रवाह समयानुकुल अझ प्रभावकारी बनाउँदै आएको छ। त्यसैगरी प्राविधिक जनशक्तिको अभावलाई परिपूर्ति गर्दै प्राविधिक सेवा प्रवाहको पहुँच विस्तार गरी लक्षित समुदाय र स्थानीयस्तरसम्म सेवा पुर्‍याउने लक्ष्य राखी आ.व. 2077/78 देखि प्रदेशका १०९ वटै स्थानीय तहमा सेवा करारमा कृषि/पशु/मत्स्य विकास अधिकृत परिचालन गर्दै चालु आ.व. 2078/79 मा कृषि तर्फ २१८ जना र पशुपन्छी तर्फ 218 जना नायब प्राविधिक सहायक चौथो तहको प्राविधिक जनशक्तिको सेवा करारमा पदपूर्ति गर्ने कार्यको शुरुवात गरिएको छ।

Scanned with CamScanner

प्रदेश सरकार
लुम्बिनी प्रदेश
कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय

## १३. कृषि मन्त्रालयका मूख्य मूख्य कार्यक्रमहरू

| क.सं. | आयोजना तथा कार्यक्रमको नाम | बजेट रू. लाखमा |
|---|---|---|
| १ | नमुना एकिकृत सामुहिक कृषि कम्पनी स्थापना | ३०० |
| २ | निजि तथा सहकारीको साझेदारीमा दुग्ध प्रशोधन तथा विविधिकरण उद्योग स्थापना (अन्य) | १०० |
| ३ | शीत भण्डार निर्माण अनुदान सहयोग (क्रमागत भवन निर्माण) | १००० |
| ४ | प्रदेशमा उत्पादित कृषि तथा पशुपन्छीजन्य उपजको प्रशोधन उद्योग स्थापनाका लागि ब्याजमा विशेष अनुदान कार्यक्रम (अन्य) | ३०० |
| ५ | भेटरिनरी रिफरल अस्पताल भवन निर्माण, रुपन्देही (क्रमागत) (भवन निर्माण) | २०० |
| ६ | लुम्बिनी दुग्ध वितरण आयोजनाको क्षमता विस्तारमा सहयोग(कृषि - खेतीको साथै सिंचाई प्रयोजन र पशु चिकित्सा सम्बन्धी उपकरण तथा मेशीन औजार) | १०० |
| ७ | स्थानीय तहहरुमा प्राविधिक कर्मचारी करार (व्यक्ति करार) | ८७३.०० |
| ८ | कृषि प्रविधि प्रदर्शन कार्यक्रम(कृषि विकास कार्यक्रम) | १०९ |
| ९ | सिंचाइ सहित कृषि विकास कार्यक्रम | ७६२.०० |
| १० | प्रतिफलमा आधारित प्रोत्साहन अनुदान (पशुपन्छी विकास कार्यक्रम) | ९२० |
| ११ | बीउ आत्मनिर्भर कार्यक्रम(खाद्यन्न/दलहन/तेलहन अन्य) | १४५ |
| १२ | रोडकोरिडोर लक्षित कार्यक्रम,पशुपंन्छी तर्फ (०७७/०७८ को क्रमागत | १७० |
| १३ | पशुपन्छी तथा मत्स्य प्रविधि प्रदर्शन | १०९ |
| १४ | आ.व.२०७७।०७८मा स्थापना भएको कृषि तर्फको ब्लक विकास कार्यक्रम निरन्तरता | ९५३.०४ |
| १५ | आ.व.२०७७।०७८ मा स्थापना भएको गाई/भैसीको व्यवसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रम निरन्तरता | १२० |
| १६ | जिल्ला प्राथमिकता प्राप्त बाली/वस्तुमा परियोजना कार्यान्वयन म्यानुअलको व्यवस्था बमोजिम माछा, गाई/भैसी, बाख्रा, बंगुरको व्यवसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रम सञ्चालन | ६३५ |
| १७ | (ब्लक) विकास कार्यक्रम (धान, मसलाबाली, मकै, गहुँ, तरकारी, आलु) | ६५० |
| १८ | उन्नत बीउ उत्पादनमा प्रोत्साहन अनुदान कार्यक्रम (धान, गहुँ, मकै) | १६० |

Scanned with CamScanner

| क.सं. | आयोजना तथा कार्यक्रमको नाम | बजेट रु. लाखमा |
|---|---|---|
| १९ | स्थानीय तहको सहकार्यमा करार खेती कार्यक्रम (अ.व.२०७६/७७को क्रमागत) | १४३.८६ |
| २० | स्थानीय तहको सहकार्यमा करार खेती कार्यक्रम (अ.व.२०७७/७८ को क्रमागत) | २३२.९८ |
| २१ | स्थानीय तहको सहकार्यमा करार खेती कार्यक्रम (अ.व.२०७८/७९) नयाँ | १३३ |
| २२ | बगरखेती प्रवर्धन कार्यक्रम (अन्य) | १०० |
| २३ | ग्रामीण कुखुरा पालन विस्तार कार्यक्रम | १२० |
| २४ | कोभिड विशेष मागमा आधारित कृषि/पशुपन्छी विकास कार्यक्रम (अन्य) | ५५५ |
| २५ | गौशालामा आयमुलक कार्यक्रम | १५० |
| २६ | स्मार्ट कृषि गाउँ कार्यक्रम २०७५।०७६ क्रमागत | ११४७.५० |
| २७ | स्मार्ट कृषि गाउँ कार्यक्रम २०७६।०७७ क्रमागत | ६९०.०० |
| २८ | स्मार्ट कृषि गाउँ कार्यक्रम २०७७।०७८ क्रमागत | १५३७.५० |
| २९ | बाख्रा मिसन कार्यक्रम क्रमागत | १०० |
| ३० | मकै, कागती/सुन्तला, माछा, आलु, वंगुर, मिसन नयाँ | ६४५ |
| ३१ | सञ्चार खर्च, स्थापना घुम्ती तालिम र प्रदर्शनी कार्यक्रम सञ्चालन सहयोग | १८२.८६ |
| ३२ | नमुना फार्म स्थापना वापत सहयोग | ३९३.२० |
| ३३ | धानमिलहरुसँगको सहकार्यमा मसिना तथा वासनादार धान प्रवर्द्धन कार्यक्रम | १०० |
| ३४ | गुईठा व्यवस्थापनका लागि बायोग्यास सहितको भकारो सुधार कार्यक्रम | १२० |
| ३५ | कृषि पशु पढेका युवालाई अद्यमशिलता अनुदान | १२० |
| ३६ | कृषि कर्मी रोजगारी कार्यक्रम आ.व. २०७७/७८ क्रमागत | ४८३.३० |
| ३७ | कृषि कर्मी रोजगारी कार्यक्रम (आ.व. २०७७/७८ को आवेदन सहित) | २९३.७६ |
| ३८ | कृषि उपज बजार पूर्वाधार निर्माण तथा सुदृढीकरण कार्यक्रम | ३०० |
| ३९ | कृषि उपज भण्डार गृह स्थापना तथा क्षमता विस्तार | २४० |
| ४० | सेमी हाइटेक नर्सरी पूर्वाधार निर्माण तथा ब्यवस्थापन | २५५ |
| ४१ | निजी तथा सामुदायिक प्रशोधन केन्द्र स्थापना तथा सुदृढीकरण | २०० |

| क.सं. | आयोजना तथा कार्यक्रमको नाम | बजेट रु. लाखमा |
|---|---|---|
| ४२ | मसिना तथा वास्नादार धान प्रवर्द्धन कार्यक्रम | ३०० |
| ४३ | प्राङ्गारिक मल उद्योग स्थापना | ९० |
| ४४ | साना कृषि मेसिनरी औजार उपकरण वितरण | २६० |
| ४५ | कृषि उपजहरूको उत्पादन गर्ने कृषि सहकारी/ कृषक समूहलाई ढुवानी साधनमा अनुदान | ३०० |
| ४६ | गाई/भैंसी प्रवर्द्धन कार्यक्रम | २१६ |
| ४७ | बाख्रा प्रवर्द्धन कार्यक्रम | १४८ |
| ४८ | महिला उद्यमी, समूह, सहकारी लक्षित विशेष कृषि कार्यक्रम | ११२.५ |
| ४९ | कृषक उद्यमी, समूह सहकारी तथा स्थानीय तहको लागत साझेदारीमा कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन कार्यक्रम | ३०० |
| ५० | सार्वजनिक नीजि साझेदारीमा शहिद, द्वन्द्वपिडित, पूर्व जनमुक्ति सेना तथा लोकतान्त्रिक योद्धा परिवार, सुकुम्बासी समुदायका लागि कृषि उत्पादनमूलक रोजगार कार्यक्रम(कृषि विकास कार्यक्रम) | २०० |

**१४. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची:**

आ.व. २०७८/७९ का लागि आवश्यक निम्न कार्यविधिहरु निर्माण भइ कार्यक्रमहरु कार्यान्वयनको चरणमा रहेका छ।

- रोड कोरिडोर /राजमार्ग लक्षीत तथा मिसन (आलु र मकै वाली) कार्यक्रम सञ्चालन विधि, २०७७
- कोशेली घर स्थापना सञ्चालन विधि, २०७७
- स्मार्ट कृषि गाउँ कार्यक्रम सञ्चालन कार्यविधि, २०७६
- सहकारी बजार स्थापना तथा सञ्चालन कार्यविधि, २०७६
- सहकारी मार्फत युवा उद्यमशीलता तथा महिला सहकारी मार्फत सञ्चालित व्यवसायमा सहयोग कार्यक्रम सञ्चालन विधि, २०७६
- सहकारीको माध्यमबाट नवीनतम सोच सहितका कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६
- उच्च प्रविधियुक्त टिस्युकल्चर प्लान्ट स्थापनाको लागि अनुदान कार्यक्रम कार्यविधि, २०७६
- गुठीलाई संरचनागत सहयोग कार्यक्रम सञ्चालन विधि, २०७६
- गरिबी न्यूनीकरणका लागि सीप विकास तालिम तथा वस्तुगत सहयोग कार्यक्रम सञ्चालिन कार्यविधि, २०७६

- कृषि तथा पशुपन्छी सम्बन्धी अभियानमुखी (मिसन) कार्यक्रम सञ्चालन कार्यविधि, २०७६
- च्याउ ग्राम स्थापना कार्यक्रम कार्यान्वयन विधि, २०७६
- स्थानीय तहको साझेदारीमा सार्वजनिक जग्गामा फलफुल तथा पुष्पवाटिका निर्माण कार्यक्रम सञ्चालन कार्यविधि, २०७६
- प्रोटेक्टेड हर्टिकल्चर प्रवर्द्धन कार्यक्रम सञ्चा लन कार्यविधि, २०७६
- मत्स्य विकास तथा प्रवर्द्धन कार्यक्रम सञ्चालन विधि, २०७६
- कृषि उपजको ग्रेडिङ्ग, प्याकेजिङ्ग, लेबलिङको लागि अनुदान सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि २०७६
- स्थानीय तहको सहकार्यमा करार खेती कार्यक्रम सञ्चालन कार्यविधि, २०७६
- जैविक तथा वानस्पतिक विषादी उत्पादन तथा उपयोग प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६
- हरित स्वयं सेवक परिचालन कार्यविधि, २०७६
- एग्रोमार्ट स्थापना कार्यक्रम सञ्चालन कार्यविधि, २०७६
- स्मार्ट कृषिगाउँ सहयोगी कार्यक्रम सञ्चागलन कार्यविधि, २०७६
- कृषि यन्त्र उद्योग स्थापना अनुदान सहयोग कार्यक्रम सञ्चालन, २०७६
- प्राङ्गारिक मल उत्पादन तथा उपयोग प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७६
- कृषि प्राविधिक धारका विद्यालयलाई अनुदान सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६
- प्राङ्गारिक मलमा अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०७६
- प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०७६
- कस्टम हायरिङ्ग सेन्टर स्थापना र सञ्चानलन कार्यक्रम सञ्चा्लन कार्यविधि, २०७६
- कृषिजन्य वस्तुको प्रशोधन उद्योग स्थापना तथा सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०७६
- आरन व्यवस्थापन सहयोग कार्यक्रम सञ्चापलन कार्यविधि, २०७६
- खाद्यान्न भण्डार घर निर्माण/सुधार कार्यक्रम सञ्चालिन कार्यविधि, २०७६
- बीउभण्डार गृह (बीउ वैंक) स्थापना तथा सुधार कार्यक्रम सञ्चालिन कार्यविधि, २०७६
- फलफुल विरुवा रोपण अभियान कार्यक्रम सञ्चानलन कार्यविधि २०७६
- कृषि स्रोत केन्द्र स्थापना तथा सञ्चाकलन कार्यविधि २०७६
- स्थानीय तह र सहकारीको सहकार्यमा चक्लाबन्दी सहितको नमुना फार्म स्थापना कार्यक्रम संचालन कार्यविधि २०७६
- प्रतिफलमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम सञ्चालन कार्यविधि २०७६
- शुलभ कर्जा सहजीकरण तथा व्याजमा अनुदान कार्यक्रम सञ्चाफलन कार्यविधि २०७६
- आयमूलक कृषि वन प्रवर्द्धन कार्यक्रम सञ्चाकलन कार्यविधि २०७६
- कृषि उद्यमी कार्यक्रम सञ्चलान कार्यविधि २०७६

प्रदेश सरकार
लुम्बिनी प्रदेश

- कृषि उपज हाटबजार तथा सङ्कलन केन्द्र सञ्चालन कार्यविधि २०७६
- कृषिजन्य बस्तुको निर्यात प्रवर्द्धन कार्यविधि २०७६
- कृषि स्रोत केन्द्र स्थापना तथा सञ्चालन कार्यविधि २०७६
- आयमूलक कृषि वन प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि २०७६
- लुम्बिनी प्रदेश खाद्य परिषद् गठन र सञ्चालन कार्यविधि, २०७८
- जिल्लास्तर कृषि विकास कार्यक्रम सञ्चालन विधि, २०७८
- सेवा करारमा कृषि/पशु सेवा प्राविधिक छनौट सम्बन्धी कार्यविधि – २०७८
- कृषि तथा पशुपन्छी विकास कार्यक्रम संचालन कार्यविधि, २०७८
- कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्धन कार्यविधि, २०७८
- बीउ बिजन ऐन, २०७५
- दाना पदार्थ ऐन, २०७५
- पशु स्वास्थ्य ऐन, २०७५

## १५. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धि अद्यावधिक विवरण:

**वजेट तथा खर्चको अवस्था**

| आ.व. | विनियोजित कूल बजेट (रु. लाखमा) | | | खर्च (रु. लाखमा) | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | चालू | पूँजिगत | जम्मा | चालू | पूँजिगत | जम्मा | चालू | पूँजिगत | जम्मा |
| २०४५/७५ | ३८९.९९ | १००.०० | ४८९.९९ | ६५.६० | ६५.०३ | १३०.६३ | १६.८२ | ६५.०३ | २६.६६ |
| २०७५/७६ | २५४३८.३५ | १५३१३.१२ | ४०७५१.४७ | १२५९९.८६ | ७८०९.८३ | ०४०९.६९ | ४९.५३ | ५१.०० | ५०.०८ |
| २०७६/७७ | 37980.२९ | 2453.60 | 40433.89 | १५९२९.१९ | १००९.५६ | १६९३८.७५ | ४१.९४ | ४१.१५ | ४१.८९ |
| २०७७/७८ | ३७२२५.८६ | २८४७ | ४००७२.८६ | २१०५४.०२ | १३००.०२ | २३५४.०४ | ५६.५६ | ४५.२३ | ५५.७९ |

यस प्रदेशको वार्षिक विनियोजित बजेट तथा कार्यक्रमको विगत ५ वर्षको अवस्थाको विश्लेषण गर्दा आधार वर्ष आ.व. २०७४/७५ देखि आ.व. २०७८/७९ सम्म आइपुग्दा कृषि क्षेत्रको वार्षिक विनियोजितबजेट बढ्दो क्रममा रहेको देखिन्छ। यसबाट प्रदेश सरकारले कृषि/पशुपन्छी क्षेत्रलाई प्राथमिकतामा राखी कृषि क्षेत्रलाई दिगो विकास एवं प्रदेश समृद्धिको आधारको रुपमा लिएको देखिन्छ। यही अवस्थालाई निरन्तरता दिँदै कृषि क्षेत्रले प्रदेशको कूल ग्राहस्थ

उत्पादनमा पुऱ्याएको योगदानको आधारमा प्राथमिकताका साथ बजेट वृद्धि गर्दै कृषि उत्पादन र उत्पादकत्व वृद्धिका लागि परिणाममुखी कार्यक्रमहरु कार्यान्वयन गर्नुपर्ने देखिन्छ।

समग्र मन्त्रालय र मातहतका कार्यालयको प्रगति

| बजेट शिर्षक | वार्षिक बजेट (,०००) | खर्च (,०००) | वित्तिय प्रगति | भौतिक प्रगति |
|---|---|---|---|---|
| चालु | ३१५९०१४ | २३६८०४ | ७.४९ | २५.७४ |
| पूजिगत | २४४०७१ | १९९२८ | ८.१६ | १५.३२ |
| जम्मा | ३४०३०८५ | २५६७३२ | ७.५४ | १५.०३ |
| स्थानीय तह सशर्त बजेट | १९९२८२ | | | |
| स्थानीय सशर्त सहित जम्मा | ३६०२३६७ | | | |

मन्त्रालयको प्रगति विवरण

| बजेट शिर्षक | वार्षिक बजेट (,०००) | खर्च (,०००) | वित्तिय प्रगति | भौतिक प्रगति |
|---|---|---|---|---|
| चालु | ४२७०८६ | ३५४७०.९७७७ | ८.३० | २७.२४ |
| पूजिगत | २१७१० | ५८२३.२०५ | २६.८२ | ३५.३२ |
| जम्मा | ४४८७९६ | ४१२९४.१८२७ | ९ | ३०.०३ |

हाल सम्मको राजश्व संकलन विवरण: ९५,००,८०५।-

| आ.व. | बेरुजु रकम | कैफियत |
|---|---|---|
| २०७५/७६ | ११४१६.४५ | |
| २०७६/७७ | ३६३१२.८३ | |
| २०७८/७९ सम्म | १३७९०.३२ | फछ्यौंट |
| फछ्यौंट प्रतिशत | | २६.७१ |

प्रदेश सरकार
लुम्बिनी प्रदेश
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
नेपाल

सूचना अधिकारीको व्यवस्था (दफा ६ बमोजिम):

**प्रवक्ताको नामः** डा. तुल्सीराम भण्डारी
पदः बरिष्ठ पशु विकास अधिकृत
सम्पर्क नः ९८५७०५३७१७
सूचना अधिकारीको नामः शालिकराम गौतम
पदः बाली विकास अधिकृत (अधिकृतस्तर आठौं)
सम्पर्क नं.: ९८५७०५३७१७

**१६. सूचनाको हक सम्बन्धि नियमावली को नियम ३ ले निर्देश गरेअनुसार देहायबमोजिम व्यवस्था गरिएको छः**

- चालु आ.व. मा संचालन हुने सम्पुर्ण कार्यक्रमहरुको विवरण सहितको वार्षिक विकास कार्यक्रम वेभसाइटमा प्रकाशन गरिएको।
- अघिल्लो आ.व. मा संचालन भएका कार्यक्रमहरुको वार्षिक प्रगति विवरण वेभसाइटमा प्रकाशन गरिएको।
- अघिल्लो आ.व. मा संचालन भएका कार्यक्रमहरुको अनुदानग्राहीहरुको विवरण वेभसाइटमा प्रकाशन गरिएको।
- मन्त्रालयमा पेश भएको सूचना माग सम्बन्धि निवेदनहरु लिखित रुपमा पेश नभएको। मौखिक रुपमा सूचना तथा अन्य विवरणहरुको बारेमा जानकारी नियमित रुपमा गराइरहेको।
- मन्त्रालयले सम्पादन गर्ने कार्यक्रमहरुको प्रस्ताव आव्हानको लागि रेडियो, पत्रपत्रिका तथा वेभसाइटमा सूचना प्रकाशन गरिरहेको।

**१७. आर्थिक अवस्था**

लुम्बिनी प्रदेशले राष्ट्रिय तहको कूल ग्राहस्थ उत्पादनमा (आ.व. २०७६/७७) १४.१८ प्रतिशत योगदान पुन्याएकोमा सबैभन्दा बढी योगदान ३३.८६ प्रतिशत कृषि क्षेत्रको रहेकोले यस क्षेत्रलाई आर्थिक समृद्धिको आधारको रुपमा लिइएको छ। समग्रमा खाद्यान्नमा (४४५१४१ मे. टन वचत आ.व. २०७६/७७) आत्मनिर्भर रहेको लुम्बिनी प्रदेशमा आ.व. २०७७/७८ मा खाद्यान्नको उत्पादन २०५११०८ मे. टन, नगदेबाली ८०२७३९ मे.टन, मसलाबाली ७६२२५ मे. टन, दलहन ८९८२६ मे. टन, फलफूल १०८८९५ मे. टन, र तरकारी बालीको ५४४६४७ मे. टन उत्पादन रहेको छ।

यस प्रदेशको प्रमुख खाद्यान्न बालीहरु धान, गहुँ, मकै, जौ, फापर र कोदो रहेकोमा राष्ट्रिय उत्पादनमा उल्लेखनीय हिस्सा ओगटेको छ। धान, गहुँ र मकैको राष्ट्रिय उत्पादनमा क्रमशः २२.३४, २३.२० र १३.४१ प्रतिशत यस प्रदेशको हिस्सा रहेको छ। धान उत्पादनमा अग्रणी रहेको यस प्रदेशको चालु आ.व. २०७८/७९ मा बेमौसमी वर्षाको क्षतिको कारणले उत्पादनमा केही ह्रास भई ९९९३९९ मे. टन रहेको छ। गाई, भैसी, भेडा, बाखा, बंगुर, कुखुरा, हाँस लगायतका पशुपालन यस प्रदेशमा मुख्य रुपमा हुँदै आएकोमा (आ.व. २०७५/७६) राष्ट्रिय संख्यामा क्रमशः १५.५८, २२.५५, १७.९९, १८.१८, २३.३८, १२.३९ र १७.७७ प्रतिशत योगदान रहेको छ। दुध र मासु उत्पादनमा वचतको अवस्थामा रहेको यस प्रदेशको (आ.व. २०७५/७६) राष्ट्रिय उत्पादनमा क्रमशः १७.९९ प्रतिशत र १९.०६ प्रतिशत योगदान रहेको छ। त्यसैगरी अण्डाको राष्ट्रिय उत्पादनमा १२.२५ प्रतिशत योगदान यस प्रदेशको रहेको छ। आ.व. २०७७/७८ मा गाई, भैसी, भेडा, बाखा, बंगुर, कुखुरा, हाँसको संख्या क्रमशः ११७०८२२, १२७०१८३, १५८६८३, २३४४८८८, ४६५५१५, ९८७५५८३ र ९६३९१ रहेको छ। त्यसैगरी पशुजन्य उत्पादनः दुध ५५७२०१ मे. टन